# कौटिलीय अर्थशास्त्र र शुक्रनीतिको वर्तमान सान्दर्भिकता- एक मूल्याङ्कन

**प्रा. डा. बाबुराम ज्ञवाली***

**सार**

*कौटिलीय अर्थशास्त्र, आर्थिक तथा राजनीतिक चिन्तनको एक महानतम पुस्तक हो । यस पुस्तकमा उनले औशनस सम्प्रदाय अर्थात् शुक्रनीतिबाट धेरै कुराहरू लिएको कुरा स्वीकार गरेका छन् । यद्यपि पुस्तकलाई राजनीति शास्त्रको वर्णन मानिन्छ तथापि पुस्तकको शीर्षक अनुसार यो धनसम्बन्धी शास्त्र हो । यस लेखमा त्यस कौटिलीय अर्थशास्त्र तथा शुक्रनीतिमा रहेको अर्थव्यवस्थाका तीन पक्षको तुलनात्मक विश्लेषण गर्दै आधुनिक आर्थिक नीतिसंग त्यसको समीक्षा गरिएको छ । यस विश्लेषणबाट के स्पष्ट हुन्छ भने त्यस बेला व्यवहारमा लागु गरिएका यी नीति आज पनि सान्दर्भिक छन् ।*

**मुख्य शब्द**

**अनुग्रह, कृषकको मर्यादा, कृषि, नेपाली ऊन,पण्य, करारोपण, थोक व्यापार, पशुपालन, भूस्वामित्व, शिलाजित, स्थानीयकरण**

**१. विषय प्रवेश**

आधुनिक अर्थशास्त्रमा प्लेटोलाई प्रथम आर्थिक विचारक र एडम स्मिथलाई यस विषयका जन्मदाताको सम्मान प्राप्त छ । रिकार्डो, माल्थस, र मिल जस्ता अनेकौं अर्थशास्त्रीका योगदानको ससम्मान चर्चा गरिन्छ तर कौटिल्य र शुक्र जस्ता शास्त्रीय अर्थशास्त्रीभन्दा कैयौ. पुराना अर्थशास्त्रकारहरूको योगदानले भने अर्थशास्त्रमा सम्मानित स्थान पाउन सकेको छैन । आर्थिक विचारधाराको इतिहासमा ग्रीक बाहेक अन्य दार्शनिकहरुले केही चिन्तन गर्न सक्छन् भन्ने बारेमा अर्थशास्त्रीहरूले गम्भीरतापूर्वक विचार गरेको पाईंदैन । यस लेखमा कौटिलीय अर्थशास्त्र र शुक्रनीतिमा आर्थिक क्षेत्र सुदृढीकरणका लागि लिइएका नीतिहरूको संक्षिप्त विवेचना गरिएको छ ।

**२. सम्बन्धित साहित्यको समीक्षा**

*२.१. **कौटिलीय अर्थशास्त्र***

यद्यपि कौटिलीय अर्थशास्त्रको रचनाकाल लगभग ३०० वि.सं.पूं मानिन्छ तर यसको पुनरुद्धार वि.सं. १९५९ मा भएको हो । डा. श्यामशास्त्रीले यसको पुनरुद्धार गरी प्रकाशन र पुनरुद्धार गरी अंग्रेजी अनुवाद समेत प्रकाशित गरे । यस पछि यस पुस्तकको अनेक भाषामा प्रकाशन भयो (ज्ञवाली, सन् २०१३) ।

नेपालमा वि.सं. २००९ पछि मात्र यस ग्रन्थको चर्चा हुन थालेको हो (श्रेष्ठ, नवम्बर १९८२) । कौटिलीय अर्थशास्त्रको पहिलो पूर्ण नेपाली अनुवाद वि.सं.२०२४ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित भएको हो ।

कौटिलीय अर्थशास्त्रमा व्यक्त आर्थिक विषय वस्तुलाई तल लेखिए अनुसार विभाजन गर्न सकिन्छ **(वैश्य, सन् १९९३) -**

(१) राज्यको उत्पत्ति
(२) राज्यका सात अङ्ग
(३) भौतिक धनको प्रकृति र उद्देश्य
(४) कृषिको महत्त्व
(५) सार्वजनिक वित्त
(६) मूल्यको नियमन
(७) सामाजिक सुरक्षा

कौटिलीय विचार अनुसार समाजलाई मात्स्य न्यायबाट बचाउन राज्यको उत्पत्ति भएको हो । राज्यका सात अङ्ग हुन्छन्- स्वामी, अमात्य, कोष, दुर्ग, दण्ड, जनपद र मित्र । उनको विचारमा पदार्थ, वित्त, सार्वजनिक वा व्यक्तिगत सम्पत्ति, सुन, चाँदी संचित गरिएको अर्थ, श्री अर्थात् समृद्धि, भोग गर्न सकिने कुरा, विनिमय र हस्तान्तरीय वस्तु यी सबै भौतिक धन हुन् । राष्ट्रलाई आर्थिक रूपमा सम्पन्न तुल्याउन उनले कृषि, पशुपालन र वाणिज्यलाई निकै महत्त्व दिएका छन् ।

*२.२. **शुक्रनीति***

शुक्रनीतिको रचना मानव, वशिष्ठ, तथा पराशर स्मृतिग्रन्थ-धर्मशास्त्रभन्दा पछि र बौद्धकालभन्दा अगाडि भएको हो । तर वि.सं. १७५७ मा यसको वर्तमान स्वरूप निर्धारित भएको

*प्राध्यापक, अर्थशास्त्र शिक्षण विभाग, बुटवल बहुमुखी क्याम्पस, बुटवल

मानिएको छ। यसको अन्य प्रामाणिकता पत्ता लगाउन धेरै गाह्रो छ (शुक्रनीति सार, वि.सं.२०६५)।

आधुनिक अर्थशास्त्रका दृष्टिले शुक्रनीतिमा निम्नलिखित विषय वस्तुहरू उल्लेखनीय छन् **(ज्ञवाली, वि.सं.२०७१) -**

(१) आर्थिक क्रियाकलापको विवरण
(२) कोषको आवश्यकता र संकलनका विधि
(३) धनार्जनको उपयोग
(४) मूल्य निर्धारणको तरिका
(५) कर संकलन
(६) कोषाध्यक्षको योग्यता
(७) मिसावटको रोकथाम
(८) लेखा हिसाब राख्नु
(९) व्यापारिक क्रियाकलाप
(१०) ऋण लेनदेनका नियम

**३. शोध विधि**

यस अध्ययनको शोध विधि तुलनात्मक विश्लेषणमा आधारित छ। यसको तुलना दुई प्रकारको छ। कौटिलीय अर्थशास्त्र तथा शुक्रनीतिका आर्थिक नीतिको संगसंगै तुलना गर्दै आधुनिक आर्थिक सिद्धान्तसंग यसको तुलनात्मक विश्लेषण गरिएको छ। यसका साथै वर्तमान समयका लागि कौटिलीय र आंशनस नीतिको वर्तमान उपादेयता समीक्षा गरिएको छ। यस तुलनाका लागि तीन आर्थिक सिद्धान्त विश्लेषण गरिएको छ, कृषि,पशुपालन र व्यापार। कौटिलीय अर्थशास्त्र तथा शुक्रनीतिका अनेक संस्करण प्रचलनमा छन् तथापि यस विश्लेषणमा कौटिलीय अर्थशास्त्रका दुई संस्करण प्रयोग छ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट वि.सं. २०२४ मा प्रकाशित कौटिल्यको अर्थशास्त्र तथा सन् २००९मा प्रकाशित वाचस्पति गैरोलाद्वारा सम्पादित कौटिलीय अर्थशास्त्रम्। यसै गरी शुक्रनीतिका दुई संस्करणलाई विश्लेषणको आधार बनाइएको छ- नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट वि.सं.२०२९मा प्रकाशित शुक्रनीति तथा जगदीश्वरानन्दद्वारा वि.सं. २०६५ मा सम्पादित शुक्रनीतिसार।

**४. भूमिव्यवस्था र कृषि उत्पादन**

कौटिलीय अर्थशास्त्र र शुक्रनीतिमा आर्थिक क्रियाकलाप मध्ये कृषिलाई प्रमुख स्थान दिइएको छ। जनपदको गुण, कृषि भूमि र त्यसको उपयोग अवस्थाबारे कौटिलीय विचार प्लेटोसँग मिल्छन्। कृषिलाई महत्त्व दिने दृष्टिले कौटिलीय र शुक्रनीतिको विचारधारा प्रकृतिवादीहरूको विचारसँग मिल्छ (वैश्य, सन् १९९३)।

तात्कालिक सामाजिक व्यवस्था अनुसार वैश्यलाई मात्र खेतीको अधिकार थियो तर श्रोत्रिय ब्राह्मणलाई पनि लगानरहित भूमि उपलब्ध गराउनु भन्ने निर्देशन कौटिलीय अर्थशास्त्रमा दिइएको छ। त्यसै गरी हात्ती प्रशिक्षक, घोडा प्रशिक्षक, राजकीय चिकित्सक, र दरबारका विशिष्ट व्यक्तिहरूलाई भूमि दिनु भन्ने उल्लेख कौटिलीय अर्थशास्त्रमा पाइन्छ। यस्तो भूमि उपभोग गर्न पाइन्थ्यो तर बिक्री गर्न पाइँदैनथ्यो (कौटिल्यको अर्थशास्त्र, वि.सं.२०२४)। शुक्रनीतिमा कृषिको विषय यत्रतत्र छरिएको छ। कूत लिने सम्बन्धमा भने शुक्रनीतिमा स्पष्ट विवरण छ। राजकीय जमीनमा खेती गर्नेले ठेक्का लगानको रूपमा कृषि उब्जनीको १६.६७ देखि ३३.३३ प्रतिशत तिर्नु पर्थ्यो।

राज्यले आपत्तिकालमा भने जग्गाको उब्जनी हेरी कृषि उब्जनीको एक चौथाइ भागदेखि एक तिहाई भागसम्म लिन सक्थ्यो। तर यो एक विशेष व्यवस्था मात्र हो। सामान्य अवस्थामा त्यसरी कूत असुल गरिदैनथ्यो।

कौटिलीय अर्थशास्त्रको अध्ययनबाट के स्पष्ट हुन्छ भने कृषि उत्पादनका लागि तीन प्रकारका भूमिको व्यवस्था गरिएको छ-

(क) राजकीय भूमि
(ख) निजी भूमि
(ग) निजी प्रयोगमा आएको तर राज्यले अधिग्रहण गर्नसक्ने भूमि

कृषि उत्पादकत्वलाई शुक्रनीति र कौटिलीय अर्थशास्त्रमा निकै महत्त्व दिइएको छ। कृषि उत्पादन वृद्धि गर्नका लागि उनीहरूले आवश्यक अभिप्रेरणाको व्यवस्था पनि गरेका छन् भने कृषि कार्यमा बेवास्ता गर्नेलाई सजायको व्यवस्था पनि गरिएको छ। खेती गर्न कबुल गरेर लिई खेती नगरी बाँझो राख्नेलाई सजायँस्वरुप नोक्सान गरिएको जमीनको उब्जनीको बराबर जरिवाना सोधभर्ना लिनु पर्दछ भनिएको छ। कौटिलीय अर्थशास्त्र अनुसार, किसानलाई नै खेत गर्न दिनु पर्दछ। कृषि बाहेकका पेशा गर्नेलाई खेती गर्न दिनु पर्ने कुरामा व्यापारी र अन्य वर्गलाई दोस्रो प्राथमिकतामा राखिएको छ।

कौटिलीय अर्थशास्त्रमा आधुनिक सिंचाई इञ्जिनीयरिंगमा प्रयोग गरिने निम्नलिखित प्राविधिक सूचनाको आधारमा कृषि उत्पादन गरिएको स्पष्ट हुन्छ-

(क) वर्षाको प्राविधिक नाप
(ख) विभिन्न प्रदेशका माटोको पानी सोस्ने शक्तिमा भिन्नता
(ग) कुन प्रकारको माटोलाई कति पानी उपयुक्त हुन्छ, त्यसको विवरण
घ) वर्षाको पूर्वानुमान

कृषिमा अतिवृष्टि र अनावृष्टिले पार्ने दुष्प्रभावको उल्लेख गर्दै उनले यसबाट सतर्क रहन मौसम पूर्वानुमान गर्ने तरीकाहरू उल्लेख गरेका छन् । ग्रह-नक्षत्रको स्थितिले एक सीमासम्म मौसमलाई असर पार्दछ भन्ने उनीहरूको विश्वास थियो । राजकीय कृषिको कामका लागि धेरै श्रमिक चाहिने हुँदा कौटिलीय कालमा कमैया श्रमिक, दैनिक ज्यालादारी श्रमिक, तथा सजायँ भोगी रहेका कैदीहरूलाई प्रयोग गरिन्थ्यो । राजकीय कृषिमा जुन श्रमको प्रयोग हुन्थ्यो त्यसलाई मासिक सवा पण ज्याला बाहेक उसको परिवारलाई भरण पोषण हुने अन्न दिनुपर्ने कुरा उल्लेख छ अथवा त्यस कृषकलाई कुल कृषि उत्पादनको १० प्रतिशत दिने गरिन्थ्यो । बगैंचे, तरकारी लगाउने, गोठालाको पारिश्रमिक पनि दैनिक एक प्रस्थ (लगभग ३.५ कि.ग्रा.) खाना र मासिक सवा पण (कौटिलीय समयको मुद्रा) ज्याला थियो । यसबाट कौटिलीय  अर्थशास्त्रको समयमा कृषिमा श्रम-विभाजन र विशिष्टीकरण भइसकेको स्पष्ट हुन्छ ।

### ४.१ *कृषिमा अनुग्रह र अनुदान*

कृषक मेहनती छ तर साधन सम्पन्न छैन भने त्यसलाई राज्यले विशेष सहुलियत साथ कृषि-सामग्री उपलब्ध गराउने व्यवस्था गरिएको छ । कृषकहरूलाई अनुग्रह (सबसिडि), परिहार (मिनाहा), अनुदान, र कृषि सामग्री उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

### ४.२ *वातावरणीय अन्तर्निर्भरता र कृषि उत्पादन*

कृषि उत्पादन वातावरणीय परिवर्तन र अनुकूलताबाट अत्यधिक प्रभावित हुन्छ । अनुकूल मौसम, समयमा उचित वर्षा, उचित ताप र प्रकाश, बाढी, हुरी, र असिना जस्ता घटनाबाट प्राकृतिक सुरक्षा, रोग र किराको दुष्प्रभावबाट जोगाउने अनुकूल वातावरणीय अवस्था आदिले नै बालीको भित्रिने अन्तिम परिमाण निर्धारित हुन्छ । यी सबै अनुकूल भएमा बढी अन्न उब्जा हुन्छ नत्र भने कृषि उत्पादनमा निकै ह्रास आउँछ । कृषि उत्पादन प्रकृतिमा अत्यन्तै निर्भर हुन्छ । बीउ छर्ने, खेती लगाउने, बाली काट्ने, दाईं लगाउने, ओसाउनेदेखि भकारीमा राख्ने समयसम्म प्रकृति अनुकूल रहनु पर्छ । प्रकृतिलाई प्रसन्न बनाउन कौटिल्यले बीउ छर्नु अघि त्यसलाई सुन पानीमा भिजाउने र पहिलो मुठी बीउ हातमा लिएर प्रजापति र कश्यप (सूर्यपुत्र र मेघ) लाई वन्दना गर्दै कृषि उत्पादनकी देवीसँग अन्न, बिउ र धनमा वृद्धिको कामना गर्दै निम्नलिखित सुन्दर मन्त्र पढ्दै बीउ राख्ने सुझाउ दिएका छन्-

प्रजापतये काश्यपाय देवाय च नमः  सदा ।
सीता मे ऋध्यतां देवी बीजेषु च धनेषु च ॥

**(कौटिल्यको अर्थशास्त्र, वि.सं.२०२४)**

ऋग्वेदको क्षेत्रपति सूक्तमा यस मन्त्रसंग मिल्दो जुल्दो मन्त्र दिइएको छ । जसमा कृषि उत्पादनकी देवी सीतालाई कृषि उत्पादनलाई सजिलो र राम्रो बनाएर धेरै उत्पादन गर्ने प्रार्थना गरिएको छ । तर यस मन्त्रमा सीताको प्रयोग कृषि उत्पादनका सन्दर्भमा गरिएको छ ।

### ५. पशुपालन

कौटिलीय अर्थशास्त्र र शुक्रनीतिको अर्थव्यवस्थामा पशुपालन महत्त्वपूर्ण आर्थिक क्रियाकलाप थियो । दूध, मासु, छाला, रौं, र प्वाँख उत्पादनका लागि विभिन्न प्रकारका पशुपक्षी पालन गरिन्थ्यो । गाईको गउँत खनिज प्रशोधनका लागि प्रयोग गरिन्थ्यो । त्यसैले प्राचीन समयमा ठूल्ठूला चरनहरूको विकास र विस्तार भयो । कौटिलीय अर्थशास्त्रको विवरण अनुसार त्यस बेला राज्य स्तर र निजी स्तर गरी दुई प्रकारको पशुपालन गरिन्थ्यो । राजकीय स्तरबाट पशुपालनका लागि छुट्टै सरकारी विभाग स्थापना गरिएका थिए । गाई र भैंसी पालनका लागि गोध्यक्ष, मासुका लागि पालिने जनावरको व्यवस्थाका लागि सूनाध्यक्ष, र सवारीका लागि प्रयोग गरिने पशुहरूको हेरचाहका लागि अश्वाध्यक्ष र हस्त्याध्यक्षको व्यवस्था गरिएको छ । दूध, घिउ उत्पादन गर्न, हलो जोत्न, दाउन, कोल पेल्न इत्यादि बाली लगाउने, भित्र्याउने र प्रशोधन गर्ने कार्यका लागि गाई, भैंसी, गोरु, राँगा आदि विभिन्न पशुपालन गरिन्थ्यो । मासुका लागि भेंडा आदि वस्तुभाउको पालन गर्ने व्यवस्था कौटिलीय अर्थशास्त्रमा गरिएको छ (कौटिल्यको अर्थशास्त्र, वि.सं.२०२४) ।

कौटिलीय अर्थशास्त्रमा हात्तीको सेवा लिनेले गर्न हुने र नहुने कार्यको विवरण पनि दिइएको छ । यस अन्तर्गत निषेध गरिएका कार्य यस प्रकार छन्- हात्ती बस्ने ठाउँ फोहोर राख्नु, राम्ररी नखुवाउनु, खाली भुईंमा सुताउनु, कुठाउँमा हिर्काउनु, अनधिकारीले पनि काम लिनु अनुचित समयमा काम लिनु, उसको ज्यान जोखिम पार्ने गरी काम लिनु यस्ता निषेधित कार्य गर्नेलाई दण्डको व्यवस्था गरिएको छ । पशुहरुको राम्रो स्याहार गरी कुनै कष्ट भएमा पशुवैद्यद्वारा राम्ररी औषधि गराउन निर्देश दिइएको छ । यस व्यवस्थाबाट कौटिल्यलाई पशु अधिकारका कानूनी व्यवस्थाको प्रणेता भन्न सकिन्छ (कौटिल्यको अर्थशास्त्र, वि.सं.२०२४) ।

### ६. कृषि विकासका केही विशिष्ट नीतिहरू

कौटिलीय अर्थशास्त्र र शुक्रनीति ग्रन्थमा कृषक र गोपालन पेशालाई लोककल्याणकारी, पवित्र र सम्मानित दृष्टिले हेरिएको छ। राज्यमा कृषकहरूको आर्थिक, सामाजिक र वैधानिक सबै दृष्टिकोणले मर्यादित स्थान थियो । कृषकहरू अबध्य तथा राजकीय दृष्टिले सम्मानित र प्रतिष्ठित थिए । जग्गा आबाद गर्नेको परिश्रमको समुचित मूल्याङ्कन गरी पाँच वर्षसम्म खेती गर्न दिनु भन्ने कौटिलीय भनाइबाट कृषि श्रमलाई त्यसबेला राज्य स्तरबाट विशेष कानूनी सुरक्षा प्रदान गरिएको स्पष्ट हुन्छ। शुक्रनीति र कौटिलीय अर्थशास्त्रमा गाई चराउने, बाली लगाउने वा भित्र्याउने काममा व्यस्त कृषक र गोठालोलाई राजाले वा न्यायालयले अपर्झट बोलाउन वा अपराधी ठहर्‍याई थुनाउन नपाउने व्यवस्था गरिएको छ (शुक्रनीतिसार, वि.सं.२०६५, कौटिल्यको अर्थशास्त्र, वि.सं.२०२४) । आफ्नो भूमिमा काम गरिरहेको कृषकलाई मित्र पक्ष मात्र होइन शत्रुपक्षले पनि हानि पुर्‍याउँदैनथ्यो । प्राचीन ग्रन्थहरूको अध्ययनबाट के थाहा हुन्छ भने परस्पर द्वन्द्वरत पक्ष बीचमा पनि कृषक र पशुपालकहरूले आआफ्नो कार्य निष्कण्टक पूरा गर्दथे । कौटिलीय अर्थशास्त्रमा कृषकहरूको स्वास्थ्यका लागि राज्यले खर्च गर्नु पर्ने कुरा समेत उल्लेख छ । यी नियमहरूले राजकीय स्तरमा कृषकको मर्यादा स्थापित गरेको देखिन्छ । स्पष्टतः प्राचीन समयमा कृषकहरूको दशा हीन र असन्तोषजनक थिएन (जायसवाल, सन् १९७८) ।

### ७. व्यापार, वाणिज्य र उद्योग

कौटिलीय अर्थशास्त्र र शुक्र नीति ग्रन्थमा उद्योग, व्यापार र वाणिज्य क्षेत्रको विषयमा सविस्तार चर्चा गरिएको छ। आन्तरिक व्यापारको बारेमा कौटिलीय अर्थशास्त्रमा तीन प्रकारका व्यापारको सञ्चालन, नियमन र विकासको विवरण पाइन्छ-

#### *७.१. फुटकर व्यापार*

बजारमा किनबेच गरिने सामानलाई कौटिलीय अर्थशास्त्रमा पण्य भनिएको छ। पण्य शब्दको अर्थ हो आर्थिक वस्तु। जसको समानार्थी अंग्रेजी शब्द हो कमोडिटी (Commodity) । जुन वस्तु सित्तैमा पाइन्छ त्यसलाई पण्य भनिंदैन । आफूसँग भएको वस्तु साटेर अर्को वस्तु प्राप्त गरिएको छ भने त्यसलाई कौटिलीय अर्थशास्त्रमा प्रतिपण्य भनिएको छ। वस्तु किनबेच गरिने स्थान विशेष वा कार्य विशेषलाई कौटिलीय अर्थशास्त्रमा प्राविधिक शब्दको रूपमा विपणि र पण्यवीथि शब्दको प्रयोग गरिएको छ। यसको समानार्थी शब्द बजार वा हाट बजार हुन्छ। बजारमा गरिने बिक्री क्रियाकलापलाई विपणन भनिएको छ। व्यापारीलाई मूल्य, मूलधन, लाभ, न्यास, विनिमय, क्रय्य, क्रेय, पण्य, सत्यापन तथा विपणनको राम्रो ज्ञान हुनु आवश्यक मानिन्थ्यो । कौटिलीय अर्थशास्त्रको विवरण अनुसार, फुटकर व्यापारीले गाउँ वा शहरमा ससाना पसल थापेर अथवा घुमिफिरी सामान बिक्री गर्दथे । फुटकर व्यापारीले थोक व्यापारी अथवा राजकीय क्षेत्रबाट पण्य खरीद गरेर उपभोक्तासम्म पुर्‍याएर बिक्री गर्दथे । यस्ता व्यापारीलाई राज्यले नाफाको दर निश्चित गरिदिएको हुन्थ्यो । त्यसभन्दा बढी नाफा खाएर वास्तविक मूल्यभन्दा चर्को मूल्यमा बिक्री गर्ने व्यापारीलाई संस्थाध्यक्ष निकाय मार्फत् नियन्त्रणको व्यवस्था थियो । फुटकर व्यापारीले थोक व्यापारीकहाँबाट मालसामान उधारोमा लिएर पछि ब्याज समेत तिर्ने गरी भुक्तानी गर्न पाउने व्यवस्था गरिएकोबाट फुटकर व्यापारको विकासका लागि राजकीय दृष्टिले सहानुभूति राखिएको देखिन्छ । यस्तो भुक्तानी गर्न उनीहरूलाई बजारको परिस्थिति अनुरुप सुविधा प्रदान गरिएको थियो (अग्रवाल, सन् १९९७, ज्ञवाली, वि.सं.२०७१) ।

#### *७.२. थोक व्यापार*

थोक व्यापारीले राजकीय क्षेत्रबाट अथवा देशविदेशबाट पण्य संग्रह गरेर थोक बिक्री गर्दथे । सामान्यतया अनेक थोक व्यापारीहरूले आपसमा मिलेर एउटा संघ बनाउने गर्दथे। यसलाई श्रेणी भनिएको छ। मिलेर सामान खरीद वा बिक्री गर्ने व्यवस्था पनि गरिएको छ। यद्यपि व्यापारको प्रमुख माध्यम स्थल व्यापार थियो तर जलमार्ग व्यापारको उल्लेख पनि पाइन्छ। कौटिलीय अर्थशास्त्रमा काम्लो, छाला, हात्तीदाँत, कस्तूरी, अश्व इत्यादिको व्यापार उत्तरी क्षेत्रबाट तथा शंख, हीरा, मोती, मणि, सुन इत्यादि वस्तुको कारोबार दक्षिण क्षेत्रबाट हुने गर्थ्यो (ज्ञवाली, वि.सं.२०७१) ।

#### *७.३. राजकीय व्यापार*

कौटिलीय अर्थशास्त्रमा व्यापार सञ्चालनमा राज्यको भूमिका महत्त्वपूर्ण थियो । राजकीय उद्योगबाट उत्पादित वस्तुलाई कौटिलीय अर्थशास्त्रमा राजपण्य भनिएको छ। त्यस बेला व्यापार सञ्चालनमा राज्यको भूमिकालाई महत्त्वपूर्ण मानिएको छ। एडम स्मिथको विपरीत कौटिलीय अर्थशास्त्रमा राज्य हस्तक्षेपको समर्थन गरिएको छ । सरकारी व्यवसायले राज्यलाई आयका साधन जुटाउनुका साथै बढीभन्दा बढी मानिसलाई रोजगार प्रदान गरेर राष्ट्रिय आय पनि वृद्धि गराउँथ्यो । यस दृष्टिले कौटिलीय अर्थशास्त्रका विचार केन्ससँग मिल्छन् । व्यापारमा राजकीय नियन्त्रणका लागि पण्याध्यक्षको व्यवस्था गरिएको थियो। जसले

बजार सम्बन्धी रेखदेख, नियंत्रण, अनुग्रह, करारोपण, बजार सुरक्षा, मूल्य नियंत्रण, मूल्य निर्धारण, बजार सुरक्षा र उपभोक्ता संरक्षण जस्ता थुप्रै कार्य गर्दथ्यो । निजी र राजकीय व्यापारमा नाफाको दर समेत राज्यद्वारा निर्धारित गरिएको छ । स्वदेशी उत्पादनमा नाफाको दर ५ प्रतिशत र विदेशी वस्तुहरूमा १० प्रतिशतमा नियमन गरिएको छ । स्वदेशी उत्पादन खरीद गरी विदेशमा लगेर बेच्ने व्यापारीलाई राजकीय सुविधा प्रदान गरिन्थ्यो । थोक व्यापारीहरूले मिलेर संघ बनाएका हुन्थे जसलाई श्रेणी भनिएको छ । स्थलमार्ग बाहेक जलमार्गबाट पनि आर्थिक कारोबार हुने गरेको उल्लेख कौटिलीय अर्थशास्त्रमा पाइन्छ । विभिन्न प्रकारका व्यापारीलाई विभिन्न प्रकारका लाइसेन्सहरू प्रदान गरिन्थ्यो जसको व्यवस्था मुद्रा विभागको अध्यक्षले गर्थ्यो । टाढा देशबाट व्यापार गर्न आउने व्यापारीहरूलाई विभिन्न प्रकारका कर र शुल्कमा विशेष छूट दिइएको थियो । देशको सीमानामा कर तिरी आफनो व्यापार र त्यसको जानकारी अन्तपाललाई दिनेहरूले देशभित्र सुरक्षाको प्रत्याभूति र बीमा सुविधा प्राप्त गरेका हुन्थे । सामान हरायो वा चोरी भयो भने त्यसको भरपाईको जवाफदेही राज्यको हुन्थ्यो (अग्रवाल, सन् १९९७, ज्ञवाली, वि.सं.२०७१) ।

### *७.५ वैदेशिक व्यापार*

शुक्रनीतिमा विदेश व्यापारको उल्लेख पाईंदैन । किनभने आयात र निर्यातबारे कुनै उल्लेख त्यहाँ पाईंदैन । वर्तमानमा उपलब्ध शुक्रनीतिका संस्करणमा त्यो विवरण कतै उल्लेख नभएकोले शुक्राचार्य विदेश व्यापारको सन्दर्भमा मौन देखिन्छन् भन्न सकिन्छ । तथापि विदेश व्यापार र अन्तर्राष्ट्रिय सम्बन्ध त्यस बेला उन्नत अवस्थामा हुनुपर्दछ । किनभने शुक्रले देशाटनका फाइदाहरूबारे उल्लेख गर्ने क्रममा यसबाट, धर्म, वस्तु, पशु, मनुष्य र उनीहरूको रीतिथितिको आदान-प्रदान हुन्छ भनेका छन् । कौटिलीय अर्थशास्त्रमा विदेश व्यापारको विस्तृत विवरण पाइन्छ । मगधबाट निर्यात गर्ने र अन्यत्र देशबाट आयात गर्ने अनेक प्रकारका वस्तुहरूको जुन वर्णन उपलब्ध छ त्यसबाट विभिन्न देश विभिन्न वस्तुका लागि प्रसिद्ध भएको जानकारी पाइन्छ । यसरी त्यस समयसम्म तुलनात्मक लाभको आधारमा वैदेशिक व्यापार प्रारम्भ भइसकेको स्पष्ट हुन्छ । वैदेशिक व्यापार गर्दा नाफा हुने भएमा मात्र व्यापार गर्नु अन्यथा नगर्नु भन्ने निर्देशनमा रिकार्डोको तुलनात्मक लागत लाभ सिद्धान्तका आधारभूत तत्त्व अन्तर्निहित रहेको स्पष्ट हुन्छ । स्वदेशको उत्पादन वृद्धिलाई जोड दिन विशेष प्रकारका बीउलाई आयात प्रोत्साहन गर्ने निर्देश दिइएको छ । केही बीउको आयात गर्दा भंसार छूटको सुविधा प्रदान गरिएको छ । अन्नको निर्यात भने प्रतिबन्धित गरिएको छ (अग्रवाल, सन् १९९७) ।

आयातित वस्तुको मूल्य निर्धारण विधिको छुट्टै व्यवस्था गर्दै कौटलीय अर्थशास्त्रमा भनिएको छ- वैदेशिक कारोबार गर्दा विदेशी वस्तु र स्वदेशी वस्तुको मूल्यको अन्तर, त्यसमा यातायात खर्च, वर्तनी (सीमा शुल्क), सुरक्षा शुल्क, भत्ता खर्च, आदि खर्च कटाएर नाफा कति हुन्छ, त्यसको अनुमान गरेर मात्र आफ्नो देशको सामान विदेश लगेर बिक्री गर्नु । यो नै वैदेशिक वस्तुको लागत हुन्छ ।

वैदेशिक व्यापार प्रोत्साहन गर्न आयात र निर्यात दुवै व्यापारलाई विशेष छूट र सुविधा प्रदान गरिएको छ । आयातकर्तालाई दिइएको छूटको सम्बन्धमा व्याख्या गर्दै भनिएको छ- विदेशी विक्री हुने वस्तुलाई सुविधा दिएर, कर मिनाहा गरेर भए पनि आफ्नो बजारमा आउने गराउनु पर्छ । कर र शुल्क सम्बन्धी सुविधा बाहेकका सुविधा दिने कुराको उल्लेख गर्दै भनिएको छ- आयातकर्तालाई जल यातायातमा विशेष सहुलियत प्रदान गर्नु पर्दछ तर यस्तो सहुलियतले राज्यलाई व्यापारिक फाइदा हुनुपर्दछ । वस्तु ल्याउनेलाई पछि राजस्व आयमा बाधा नपर्ने गरी कर मिनाहा गर्नु पर्छ । बाहिरबाट आउने व्यापारीले देशमा धन उठाउनु पर्ने भएमा सरकारी अड्डामा मुद्दा नचलाइकन धन उठाउन पाउनु पर्छ । विदेशी व्यापार र आयात सम्बन्धी व्यवस्था आधुनिक अर्थशास्त्रको एक महत्त्वपूर्ण अंग हो । यसको आधारमा अन्तर्राष्ट्रिय व्यापारका अनेक सिद्धान्त प्रतिपादन भएका छन् । खुला अर्थतन्त्रको एक महत्त्वपूर्ण नीति विदेशी पूँजीलाई आकर्षित गर्नु र सुरक्षा दिनु हो । विदेशी पूँजीलाई आकर्षित गर्नका लागि दिएका यी सुझावले आचार्यलाई अन्तर्राष्ट्रिय अर्थशास्त्रको निकै गहिरो ज्ञान भएको प्रमाणित गर्दछ (ज्ञवाली, वि.सं.२०७१) ।

### **८. उद्योग र वाणिज्य**

त्यस समयमा राजकीय उद्योग, निजी उद्योग र मिश्रित उद्योग गरी तीन प्रकारका उद्यम व्यवस्था संचालनमा रहेको देखिन्छ । राजकीय उद्योग अन्तर्गत निम्नलिखित उद्योगहरुको विवरण पाइन्छ **(अग्रवाल, सन् १९९७)-**

(१) धागो उत्पादन र कपडा उद्योग

(२) रथ निर्माण र डुङ्गा निर्माण उद्योग

(३) दुग्ध उद्योग
(४) मासु उत्पादन
(५) मदिरा उद्योग
(६) खनिज उद्योग
(७) अधातु खनिज
(८) शिलाजित उत्पादन
(९) नून उत्पादन

***८.१ उत्पादनको स्थानीयकरण***

उद्योगका स्थानीयकरणको आधार नै विशिष्टीकरण र श्रम विभाजन हो । कौटिलीय अर्थशास्त्रमा छाला, हात्तीदाँत, कस्तुरी, र अश्व आदि उत्तरी क्षेत्रबाट तथा शंख, हीरा, मणि, मुक्ता, सुन आदि दक्षिणी क्षेत्रबाट प्रचुर मात्रामा व्यापार हुने गरेको उल्लेख छ । विभिन्न बहुमूल्य वस्तुका बारेमा वर्णन गर्दै मोती पाउने १०, मणि पाइने ३, र हीरा पाउने ६ स्थानको उल्लेख छ । यसै गरी मूगा, सार वस्तु, श्रीखण्ड, अगुरु, भद्रश्री, कालेयक आदि बहुमूल्य वस्तु तथा छाला आदि फल्गु वस्तुको विवरण पाइने स्थानको वर्णन तथा तिनीहरू पाइने देशहरूको नामको विस्तृत तथ्य विवरण कौटिलीय अर्थशास्त्रमा पाइन्छ ।

कौटिलीय अर्थशास्त्रमा १० प्रकारका ऊनी वस्त्रको विवरण पाइन्छ- केचलक, कलमितिका, तुरगास्तरण, सौमितिका, वर्णक, तलिच्छक, बारबाण, परिस्तोम, र समन्तभद्र । राडीपाखीको सम्बन्धमा सर्वोत्तम ऊनी वस्त्रको बारेमा उल्लेख गर्दै कौटिलीय अर्थशास्त्रमा स्पष्ट शब्दमा नेपालको वस्त्र नै उच्च कोटिको हुन्छ भनिएको छ (ज्ञवाली, वि.सं.२०७१) ।

कौटिलीय अर्थशास्त्र आकराध्यक्ष अध्यायमा उत्कृष्ट शिलाजितको गुणमात्र उल्लेख गरिएको छ । यी दुवै वस्तुको प्राप्ति स्थान मुख्यतः नेपाल नै हो । एउटा विशेष खनिज मैनशिलालाई (रेड आर्सेनिक) लाई संस्कृत ग्रन्थहरुमा नेपालजाता र त्यसै गरी तामालाई संस्कृत साहित्यमा नेपालम् शब्दको प्रयोग गरिन्छ ।

**९. उद्योग-व्यापार विकासका नीति**

कौटिलीय कालमा व्यापारीलाई राज्यको तर्फबाट सुरक्षा र चौकीहरूको स्थापना गरिएको थियो । जोखिमयुक्त मार्ग पार गर्नका लागि यी सुरक्षा निकाय तैनाथ गरिएका हुन्थे । व्यापारीलाई छुट्टै निर्देशनको उल्लेख पनि कौटिलीय अर्थशास्त्रमा गरिएको छ । व्यापारिक मार्गको सम्बन्धमा जलमार्ग भन्दा स्थल मार्गलाई बढी महत्त्व दिंदै लागतका दृष्टिले केही बढी भए पनि स्थल मार्गबाट व्यापार गर्नु भनिएको छ । व्यापारी आफैंले पनि आफ्नो सुरक्षाका लागि समूह बनाएर एक ठाउँबाट अर्को ठाउँमा व्यापार गर्न जाने गर्थे । यस्तो समूहलाई कौटिलीय अर्थशास्त्रमा वणिकसार्थ भनिएको छ । प्रत्येक व्यापारी समूहको नेतृत्व कुनै विशिष्ट व्यापारीले गर्दथ्यो । जसलाई सार्थवाह भनिएको छ । कौटिलीय काल र त्यस अघि एक्लै दुक्लै वैदेशिक व्यापार गर्नु संभव थिएन । आयातित वस्तुको नियंत्रण र नियमनका लागि कौटिलीय अर्थशास्त्रमा शुल्काध्यक्षलाई अनेक अधिकार प्रदान गरिएको छ । बीमा गरिएका वस्तु हराएमा सोधभर्ना दिने व्यवस्था गरिएको छ । सुरक्षा प्राथमिकतालाई ध्यानमा राखी व्यापारीहरूलाई सकभर जलमार्गबाट व्यापार नगर्न सुझाव दिइएको छ (ज्ञवाली, वि.सं.२०७१) ।

विदेशी वस्तुलाई सुविधा दिएर, ब्याज दर कम गरेर वा माफी दिएर पनि आफ्नो बजारमा आउने व्यवस्था गरिएको छ । डुँगाद्वारा खोला तराउने विदेशी व्यापारीसँग सामान्यतः तरदेय महसूल मिनाहा गर्ने व्यवस्था गरिएको छ । बाहिरबाट आउने व्यापारीले देशमा धन उठाउनु पर्ने भएमा सरकारी अड्डामा मुद्दा नचलाइकन धन उठाउन पाउने विशेष सुविधा प्रदान गरिएको थियो ।

**१०. यातायात**

व्यापार विकासको एक अनिवार्य शर्त यातायात विकास पनि हो । शुक्रनीति र कौटिलीय अर्थशास्त्रमा विभिन्न प्रकारका सडकको उल्लेख पाइन्छ । सडकहरूको चौडाइ उल्लेख गर्नुका साथै सडकको दुवैतर्फ नाली बनाउने कुरा उल्लेख छ । कौटिलीय अर्थशास्त्रमा जल र स्थल यातायातको विकासका लागि राज्यले गर्नु पर्ने योगदानको विवरण उल्लेख गरेका छन् । कौटिलीय अर्थशास्त्रमा अनेक प्रकारका सडकहरूको वर्णन छ । ती सबै सडकहरूलाई शहरी सडक, ग्रामीण सडक, वनजंगल सडक र जल यातायातमा वर्गीकरण गर्न सकिन्छ । स्थल व्यापारलाई सजिलो बनाउन विभिन्न प्रकारका स्थल मार्गको वर्णन कौटिलीय अर्थशास्त्रमा गरिएको छ । जल र स्थल मार्गको निर्माण र विकासका साथै जल स्थल यातायातको सुरक्षाको बारेमा उनले उचित व्यवस्था गरेका छन् । खोला तर्नका लागि आवश्यक डुङ्गाको निर्माण, मर्मत, कर्मचारीको व्यवस्था तथा व्यापारीहरूलाई ती मार्गमा प्रदान गरिने सुरक्षा तथा राजकीय यातायातको व्यवस्था कौटिलीय अर्थशास्त्रमा गरिएको छ (अग्रवाल, सन् १९९७) ।

**११. कौटिलीय अर्थशास्त्र तथा शुक्रनीति आजको सन्दर्भमा**

हुनत, कौटिलीय अर्थशास्त्र तथा शुक्रनीतिमा भनिएका सबै कुरा आजको परिस्थितिमा लागु हुन सक्दैनन् तथापि आज पनि निम्नलिखित नीति सान्दर्भिक छन्

(१) कौटिलीय अर्थशास्त्र तथा शुक्रनीतिमा जस्तै आज पनि अर्थव्यवस्थालाई कृषि, उत्पादन र सेवा तीन मुख्य भागमा विभाजित गरेर आर्थिक नीति आज पनि तयार गरिन्छ ।

(२) कृषकले कृषि सामग्री जुटाउन नसकेमा सरकारले अनुदान दिएर खेती गर्न लगाउने व्यवस्था थियो । अनुदानमा पाउने नगद र अन्न कृषकले सुविधानुसार तिर्न पाउने व्यवस्था गरिएको थियो ।

(३) कृषि विकासका लागि कृषकको मर्यादा राजकीय स्तरमा नै सथापित गरिनु पर्छ भन्ने मानिएको छ ।

(४) पशुसंग उचित तरिकाल काम लिने कुराको व्याख्या गरेर पशु अधिकारका नियम बनाइएको थियो ।

(५) बजारको नियमन र उपभोक्ता हित संरक्षणका लागि एक छुट्टै विभाग स्थापना गरिएको थियो ।

(६) व्यापारीहरूलाई राज्यद्वारा सुविधा, सहुलियत र सुरक्षा प्रदान गरिएको थियो । सामान हराएमा खोजी गरी दिने, क्षतिपूर्ति दिने, चोर, डाँकाबाट सुरक्षा दिने, ठूलो खोला र जंगल पार गराइ दिने जस्ता सुविधा व्यापारीहरूलाई थियो ।

(७) विभिन्न प्रकारका मूल्यवान वस्तुको वर्णन गर्दै नेपालमा निर्मित ऊनी वस्त्र सर्वोत्तम हुन्छ भन्ने कुरा स्पष्ट गरिएको छ । यस विवरणले नेपालका उत्पादनको प्रसिद्धिका साथै सार्वभौमसत्ता, स्वतन्त्रता र प्राचीनतालाई स्पष्ट गर्छ ।

**१२. निष्कर्ष**

कौटलीय अर्थशास्त्र र शुक्रनीतिमा लिइएका कृषि, पशुपालन, उद्योग तथा व्यापार विकासका नीतिहरूको विश्लेषणबाट के स्पष्ट हुन्छ भने कौटिल्य र शुक्र दुवैले यी तीन क्षेत्रका समस्याहरूको विश्लेषण र विवरण मात्र प्रस्तुत गरेका छैनन् प्रत्येक समस्याको विवेकपूर्ण र व्यावहारिक समाधान पनि प्रस्तुत गरेका छन् । यी दुवै ग्रन्थमा प्रतिपादन गरिएका सिद्धान्त लामो अनुभवले खारिएका र हजारौं वर्ष प्रयोगमा आएर सुधारिएका निष्कर्ष हुन् । त्यसैले यी सिद्धान्त सान्दर्भिक मात्र छैनन्, निराशाको समयमा आशाको ज्योति देखाउन पनि सक्षम छन् ।

**सन्दर्भ**


अग्रवाल, कमलेश, (सन् १९९७), *कौटिल्य अर्थशास्त्र एवं शुक्रनीति की राज्य व्यवस्थाएँ,* नई दिल्ली : राधा पब्लिकेशन्स ।

*कौटिलीय अर्थशास्त्रम्,* (सन् २००९), वाचस्पति गैरोला (अनुवादक), वाराणसी : चौखम्बा विद्याभवन ।

जायसवाल, के पी, (सन् १९७८), *हिन्दु पोलिटी,* बेंगलोर : द बेंगलोर प्रिन्टिंग एन्ड पब्लिशिंग कम्पनी लिमिटेड ।

ज्ञवाली, बाबुराम, (वि.सं.२०७१), *वार्त्ता अर्थात् कौटिल्य र शुक्रको राजनैतिक अर्थशास्त्र,* रुपन्देही : ज्ञानज्योति प्रकाशन ।

ज्ञवाली, बाबुराम, (सन् २०१३), *ओरिएन्टल इकोनोमिक्स- रिभिजिटेड,* रुपन्देही : ज्ञानज्योति प्रकाशन ।

ज्ञवाली, बाबुराम, (वि.सं.२०६७), कौटिलीय अर्थशास्त्रको वर्तमान सान्दर्भिकता, *ऋतम्भरा अङ्क १४,* बसन्तपुर : अनुसन्धान केन्द्र, नेपाल संस्कृत विश्वविद्यालय ।

*द कौटिलीय अर्थशास्त्र,* १-३ , (सन् २००६), (अनुवादक) आर पी काङ्ले, बनारस : मोतीलाल बनारसी दास ।

पन्थी, टीकाराम, (वि.सं.२०६५), *सांस्कृतिक संवीक्षण,* रूपन्देही : विश्व हिन्दु महासंघ ।

बोकाडे, एम जी, (सन् २००९), *हिन्दु इकोनोमिक्स,* पुणे : डा. एम जी बोकाडे मेमोरियल फाउन्डेशन ।

बोशे, रोजर, (सन् २०००), *द फर्स्ट ग्रेट पोलिटिकल रियलिस्ट- कौटिल्य एन्ड हिज अर्थशास्त्र,* न्यूयोर्क : लेक्सिंगटन बुक्स ।

लल्लन प्रसाद, (सन् १९९५), सोशियो इकोनोमिक एन्ड स्प्रिचुअल बेसिस अफ् अर्थशास्त्र, *इकोनोमिक्स इन अर्थशास्त्र,* आर के सेन एन्ड आर एल बसु, देल्ही : दीप एन्ड दीप ।

वैश्य, एम सी, (सन् १९९३), *आर्थिक विचारों का इतिहास,* आगरा : रतन प्रकाशन मन्दिर ।

*शुक्र नीति,* (वि.सं.२०२९), डमरूवल्लभ पौड्याल (अनुवादक), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

*शुक्रनीति सार* (शोधपूर्ण संस्करण), (वि.सं. २०६५), जगदीश्वरानन्द सरस्वती (अनुवादक), सोनीपत, हरियाणा : रामलाल कपूर ट्रष्ट ।

श्रेष्ठ, देवीचन्द्र, (सन् १९८२), नेपालमा कौटल्य, *आर्थिक नेपाल,* वर्ष १, अंक १, नवम्बर,सन् १९८२, काठमाडौं : नेपाल रिसर्च सेन्टर ।